नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

शासकीय सुधारका सय कार्यसूचीसम्बन्धी कार्यहरूको सारांश

१. सवारी चालक अनुमति पत्र (Smart License) छपाई : २०८३ असार १६ गतेसम्म २३,७५,१८१ थान (८२%) सवारी चालक अनुमतिपत्र छपाई सम्पन्न भएको छ ।

२. द्रुत सवारी चालक अनुमतिपत्र छपाई : सवारी चालक अनुमतिपत्रको लागि प्राप्त नयाँ २१७९६८ आवेदनको हकमा यातायात व्यवस्था विभागबाट डाटा प्राप्त भएको २४ घण्टाभित्रै छपाई ।

३. Betting Apps तथा साइटहरू बन्द : नेपालभित्र सञ्चालनमा रहेका २६ वटा Registered Betting Apps तथा अवैध अनलाइन सट्टेबाजी र जुवाका कुल २,४८,६७६ वटा डोमेन लिंकहरू बन्द गराइएको छ ।

४. विज्ञापन नीति स्वीकृत : विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधिअनुकूल बनाउने उद्देश्यले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ ।

५. विधेयक तर्जुमा : सूचना प्रविधि, साइबर सुरक्षा र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी विधेयकहरूको मस्यौदा तयार गरी अगाडि बढाइएको छ।

६. सेवा प्रवाहमा समयको बचत : प्रसारण इजाजत र चलचित्र जाँचपास जस्ता तीनदेखि सात दिन लाग्ने सेवाहरूलाई पुनर्संरचना गरी हाल एकदेखि तीन दिनभित्रै उपलब्ध गराउन थालिएको छ ।

७. कर्मचारी आचारसंहिता : मन्त्रालय र अन्तर्गतका निकायमा भ्रष्टाचार र ढिलासुस्ती रोक्न कर्मचारीहरूको आचारसंहिता र प्रतिबद्धता पत्र तयार गरी लागू गरिएको छ ।

८. राहदानी (Passport) घरदैलोमा वितरण : राहदानी विभागबाट प्राप्त २,०६,३३० थान राहदानी हुलाकमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयसम्म ढुवानी गरिएको । साथै ७५ (हुम्ला र भोजपुर बाहेक) जिल्लामा जिल्ला हुलाक कार्यालले ५,७२८ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुऱ्याइएको छ ।

९. डाँकरेखा पुनरावलोकन : हुलाक सेवाको लागत र समय घटाउन डाँकरेखा पुनरावलोकन गरी लागू गरिएको । जसका कारण पोखराबाट पाल्पासम्म १० दिन लाग्ने हुलाक वस्तु अब मात्र दुई दिनमा पुग्ने भएको छ ।

१०. सवारी चालक अनुमति पत्र ढुवानी तथा घरदैलोमा वितरण : यातायात व्यवस्था विभागबाट प्राप्त ८,०८,०३१ वटा सवारी चालक अनुमतिपत्रहरू सम्बन्धित जिल्लाका यातायात कार्यालयसम्म ढुवानी गरिएको छ ।

११. सवारी चालक अनुमतिपत्र : कास्की, मोरङ, बाँके, सुनसरी, बझाङ, कालिकोट र पर्सा जिल्ला गरी सात जिल्लामा १,०८९ वटा सवारी चालक अनुमति पत्र सेवाग्राहीको घरमै पुऱ्याइएको छ ।

१२. स्वास्थ्य नमुना ढुवानी : १७ वटा अस्पतालबाट १,२३३ वटा स्वास्थ्य प्रयोगशालाका नमुनाहरू परीक्षणका लागि सुरक्षित रूपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासम्म पुऱ्याइएको छ ।

१३. शैक्षिक प्रमाणपत्र ढुवानी : त्रिभुवन विश्वविद्यालय र नेपाल खुल्ला विश्वविद्यालयसँगको सम्झौता बमोजिम २६३ थान शैक्षिक प्रमाणपत्रहरू विद्यार्थीको घरसम्म पुऱ्याइएको छ ।

१४. स्मार्ट हुलाक : देशभरका ५० वटा हुलाक कार्यालयहरूलाई सूचना प्रविधिमा आधारित ‘स्मार्ट हुलाक’ बनाउन छनोट गरिएको छ ।

नेपाल टेलिकमको सेवामा सुधारसम्बन्धमा

१५. Pay As You Go/डाटा खपत नोटिफिकेसन : डाटा प्याकेज ९०% खपत भएपछि ग्राहकलाई जानकारी दिने र ग्राहकले चाहेको बेला ‘Pay–As–You–Go’ (PAYG) बन्द गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

१६. स्वतः नवीकरण (Subscription) प्याकेज : महिना पिच्छे प्याकेज लिइरहनु पर्ने झन्झट हटाउन २९९, ४९९ र ७९९ रुपैयाँका ३० दिने ‘नमस्ते रिकरिङ’ प्याकहरू सुरु गरिएको छ ।

१७. फोर जी सेवाको गुणस्तर विस्तार : ८०० मेगाहर्ज ब्याण्डमा थप ५ मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराएपछि टेलिकमको फोर जी इन्टरनेट गति ५९.७% ले वृद्धि भएको छ । सेवाको गुणस्तर सुधार भएपछि टेलिकमको डाटा ट्राफिकमा २४.२% ले वृद्धि भएको छ ।

१८. एक पटक मात्र व्यक्तिगत विवरण (KYC): नेपाल टेलिकमका सेवा लिँदा ग्राहकले पटक-पटक विवरण बुझाउनु नपर्ने गरी CRM सिस्टममा विवरण सुरक्षित राख्ने व्यवस्था मिलाइएको छ ।

१९. अनलाइन गुनासो र ट्र्याकिङ : नेपाल टेलिकमको मोबाइल एप (NT APP) र वेबसाइटमार्फत सेवा सम्बन्धी गुनासो दर्ता गर्ने, ट्र्याक गर्ने र प्रतिक्रिया दिने प्रणाली विकास गरिएको छ।

२०. इ-सिम (eSIM) र अनलाइन आवेदन : ग्राहकले अनलाइनबाटै नेपाल टेलिकमको इ-सिम लिन सक्ने र नयाँ सिम कार्ड (Physical)का लागि अनलाइन आवेदन दिई नजिकैको पसलबाट लिन सक्ने व्यवस्था गरिएको छ ।

२१. एकद्वार सेवा (One Stop Service) : नेपाल टेलिकमका सबै कार्यालयहरूमा फ्रन्ट हेल्प डेस्क स्थापना गरी सिम कार्ड, FTTH, महसुल भुक्तानीलगायतका सबै सेवाहरू एकै ठाउँबाट दिन थालिएको छ ।

सूचना प्रविधिसम्बन्धी (२०८३ जेठ १३ गतेसम्मको प्रगति)

१. अपाङ्गतामैत्री वेबसाइट : सबै सरकारी पोर्टलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले सहजै चलाउन सक्ने गरी २०८३ वैशाख २ गतेदेखि एकीकृत वेबसाइट सञ्चालनमा ल्याइएको ।

२. नागरिक एपमा सेवा आबद्धता : प्रहरी प्रतिवेदन, राहदानी र सवारी चालक अनुमति पत्रका लागि नागरिक एपमार्फत आवेदन दिन मिल्ने गरी प्रणाली आबद्ध गरिएको ।

३. प्रमाणपत्र डाउनलोड : नागरिक एपबाटै प्रहरी प्रतिवेदन, इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र र लोक सेवाको प्रवेश पत्र डाउनलोड गर्न मिल्ने बनाइएको ।

४. एकीकृत कार्यालय व्यवस्थापन (GIOMS) : संघ, प्रदेश र स्थानीय तहका ७०४ सरकारी निकायहरूलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणालीमा आबद्ध गरिएको ।

वि.सं. २०८२/१२/१३ मा नेपाल सरकार, मन्त्रिपरिषद्को गठन भएपछि यस मन्त्रालय तथा मातहत र सम्बद्ध निकायबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरूको विवरण :

१. नतिजामुखी तथा नागरिकमा प्रत्यक्ष प्रभाव पर्ने प्रकृतिका प्रमुख कार्यहरू तथा प्राप्त उपलब्धी

- गोरखापत्र दैनिकको नयाँ नेपाल भाषा पृष्ठमा सन्थाल र हायु भाषा मिति २०८३ वैशाख २४ गते र बोटे भाषा वैशाख २५ गते थप गरी कुल ४९ मातृभाषाका सामग्री प्रकाशन हुने गरेको ।

- नेपाल टेलिभिजनबाट मिति २०८३ वैशाख १६ गते देखि प्राइम टाइम बुलेटिन (बेलुकी ८ बजे) मा साङ्केतिक भाषा समावेश गर्न सुरुवात गरिएको ।

- तारणीप्रसाद कोइराला स्मृति सञ्चार ग्राम विराटनगरबाट मिति २०८२ चैत्त २९ गते देखि मुडियारी भाषामा समाचार र रेडियो नेपाल धनकुटाबाट आठपहरिया भाषामा साप्ताहिक रुपमा समावेशी कार्यक्रम सुरु गरिएको ।

- सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालबाट मिति २०८३ असार १२ गते देखि हरेक शुक्रबार बिहान ७.४० बजे विपद सञ्चारसम्बन्धी रेडियो कार्यक्रम 'बुझौं न !' प्रसारण सुरु गरिएको ।

- लामो समयदेखि बन्द अवस्थामा रहेको काठमाडौंको हात्तिसारस्थित जय नेपाल चलचित्रघरको पुनः सञ्चालनका लागि चलचित्र प्रदर्शन गर्न दिइने इजाजतपत्र प्रदान भएको ।

- हुलाक सेवालाई प्रभावकारी बनाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसमेतका सरोकारवालाको सहभागितामा हुलाक सेवाको आधुनिकीकरण सम्बन्धी उच्चस्तरीय संवाद कार्यक्रम मिति २०८३ असार १६ मा सम्पन्न भएको ।

- सूचना तथा प्रसारण विभागबाट अनलाइन सञ्चार माध्यमको दर्ता तथा नवीकरण अनलाइन प्रणालीबाटै स्वचालित रुपमा प्रारम्भ गरी अनलाइन प्रणालीबाटै प्रमाणपत्रको Digital copy उपलब्ध हुने व्यवस्था मिलाइएको ।

५. आर्थिक, सामाजिक, पूर्वाधार, लगानी, रोजगारी सृजना, नवप्रवर्तन तथा विकास व्यवस्थापनका क्षेत्रमा हासिल भएका नतिजा

(क) ताप्लेजुङ जिल्लाको प्रसिद्ध तीर्थस्थल पाथीभरा, मुगु जिल्लाको रारा मुर्माटप र डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका-६ स्थित लाहामा फोरजी सेवा सञ्चालनमा ल्याइएको । ठूलीभेरी नगरपालिका-१, दुनै (३९०० मिटर उचाइ) मा तथा ताप्लेजुङको ओलाङचुङ गोला क्षेत्र (३४०० मिटर उचाइ) मा, ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६, घुन्सा (३,८५० मिटर उचाइ) मा र संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकाको उत्तरी सीमा क्षेत्र किमाथांकालगायतका विकट स्थानमा फोरजी सेवा सञ्चालनमा ल्याइएको ।

(ख) नेपाल टेलिकमका वार्षिक कार्यक्रममार्फत यस आ.ब.को जेठ महिनासम्म १६२ स्थानमा टुजी बीटीएन, १३ स्थानमा थ्रीजी बीटीएस तथा ५८८ स्थानमा फोरजी ई-नोड-बी ( ८००+१८०० मेगाहर्ज) गरी जम्मा ७६३ स्थानमा बीटीएस/ ई-नोड-बी सञ्चालनमा आएको ।

(ग) २०८२ चैत पश्चात नेपाल टेलिकमले १३७ स्थानमा फोरजी (१८०० मेगाहर्ज), ५० स्थानमा फोरजी (८०० मेगाहज), २ स्थानमा थ्रीजी (२१०० मेगाहर्ज ) र ६२ स्थानमा टुजी (९०० मेगाहर्ज) गरी २५१ स्थानमा नयाँ साइट सञ्चालनमा ल्याएको ।

(घ) नेपाल टेलिकमले केन्द्रीय कार्यालयदेखि क्षेत्रीय निर्देशनालय तथा मातहतका कार्यालयहरूसम्मको सम्पूर्ण खरिद प्रक्रियालाई डिजिटल माध्यमबाट व्यवस्थापन गर्न इन-हाउस Procurement Management System (PMS) विकास गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी Duty Chart Management System, Meeting Management System लगायतका सफ्टवेयर प्रणालीहरु प्रयोगमा रहेका छन् ।

(ङ) दूरसञ्चार सेवाको पूर्वाधार विस्तार अन्तर्गत सबै स्थानीय तहहरूमा उच्च गतिको इन्टरनेट कनेक्टिभिटी पुगिसकेको । ७५० स्थानीय तहहरूमा फोर जी/एल.टी.ई. सेवाको पहुँच विस्तार भइसकेको । २४ कोर र सो भन्दा माथिको अप्टिकल फाइवर विस्तार भई १९८७३ कि.मी. पुगेको । १२ कोरसम्मको अप्टिकल फाइवर विस्तार भई ३११७७ कि.मी. पुगेको ।

(च) कान्स फिल्म फेस्टिभल २०२६ बाट जुरी अवार्ड प्राप्त गर्न सफल नेपाली चलचित्र 'Elephant in the Fog' लाई चलचित्र विकास बोर्डबाट विशेष समारोह आयोजना गरी सम्मानसहित प्रोत्साहन स्वरुप रू. दुई लाख ५० हजार नगद पुरस्कार मिति २०८३ जेठ २८ गते प्रदान गरिएको ।

६. सुशासन कायम गर्न गरिएका प्रयासबाट प्राप्त उपलब्धी

(क) प्रसारण नियमावलीको अनुसुचीमा संशोधन गरी सूचना तथा प्रसारण विभागबाट OTT License को इजाजत वितरण कार्य सुरु गरी हालसम्म २ वटा कम्पनीलाई इजाजत प्रदान गरिएको ।

(ख) सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनाधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभागबीच समन्वय गरी नियमन गर्ने कार्य सुरू गरिएको ।

(ग) २०८२ चैत १३ देखि हालसम्म १२४ वटा आचारसंहितासम्बन्धी उजुरी दर्ता भई अनुगमन र कारबाहीको प्रक्रिया अघि बढाएको । यस अवधिमा ५१ वटा उजुरी फच्छ्यौट गरिएको छ ।

(घ) यो अवधिमा ८३६ मिडिया/वेबपोर्टल र सञ्जालमा गरी ११८३ सामग्रीको अनुगमन गरिएको छ। यी मध्ये ५७० मिडियाका र गैरमिडियाका रहेका छन्। ४६ वटालाई कारबाहीको लागि साइबर ब्यूरोमा पठाइएको छ।

(ङ) प्रेस काउन्सिल नेपालबाट मिडियामा जेन्जी आन्दोलनसम्बन्धी सामग्रीको प्रवृतिगत अध्ययनगरी मिति २०८३ वैशाख २० गते प्रतिवेदन सार्वजनिक गरिएको।

(च) सार्वजनिक सेवा प्रसारण संस्था नेपाल टेलिभिजनले सन् २००२ पछि ब्यान्डविथ भाडा र सञ्चार सेवासँग सम्बद्ध उपकरण तथा प्रविधिहरु खरिद गरेको विषयमा सरकार गठन हुनुभन्दा अघि र पछि प्राप्त उजुरी र गुनासोको सम्बन्धमा सत्यतथ्य बाहिर ल्याउन दुईवटा छानबिन समिति बनाई कार्य सम्पादन भइरहेको छ। समितिले असार मसान्त भित्र प्रतिवेदन बुझाउने तयारी गरेको छ।